# मेरिङदेन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (सामान्य प्रशासन शाखा)

सान्थाक्रा,ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

**विषय :– सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३।०५।२४)

उपरोक्त सम्बन्धमा कोशी प्रदेशको अर्थ सम्बन्धि विधेयक, २०७५ को दफा ६ तथा सोही ऐनको अनुसूचि ४ मा उल्लेख भए बमोजिम तथा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ परिषदको निर्णय तथा तत्कालीन जिल्ला विकास समितिको कार्यालय ताप्लेजुङको प्रारम्भिक वातावरणीय परिक्षण मापदण्ड बमोजिम मेरिङदेन गाउँपालिकाको कार्यालय, ताप्लेजुङले आ.व. २०८३।८४ को लागि आन्तरिक आय पूर्वाधार जन्य वस्तुहरु (ढुंगा, गिटी, वालुवा, रोडा, ग्राभेल,माटो लगायतको विक्रि कर) तथा अलैची चिराईतो, जडिबुटी बन पैदावार, गोलिया कवाडी झोले पोकेकर संकलन ठेक्का निम्नानुसार वन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

ठेक्का शर्तहरु

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन्।

२. दरभाउपत्र फाराम खरिद गर्न आ.व.०८३।८४ मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०८१।८२ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु र मेरिङदेन गाउँपालिकाको आन्तरिक राजश्व खाता नं २७५०२४८१७९४०००११ कुमारी बैंक मेरिङदेन शाखामा जम्मा गरेको भौचर सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्ने छ।

३.यो सूचना स्थानीय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको ५:०० बजे भित्र सिलबन्दी दरभाउपत्र फाराम खरीद गरी मिति २०८३।०५।३१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ।

४.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु २०८३।०५।३१ गते दिनको १:०० बजे भित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ। यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन।

६.दरभाउपत्र फाराममा आफुले कबोल गरको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कबोल गरेको अंकको भए ५% ले हुन आउन रकम मेरिङदेन को कुमारी बैंक मेरिङदेन-२, स्थित ग ३ धरौटी खाता २७५०२४८१७९४००००४ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको

विदुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएपछि धरौटी वापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको मेरिङदेन-२ स्थित कुमारी बैक २७५०२४८१७९४०००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १३(तेह्र) महिना अवधि म्याद भएको बैंक जमानिपत्र (बैंक ग्यारेन्टी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

९. ढुंगा, गिटी, वालुवा, ग्रावेल रोडा पुलको दायाँ वायाँ (Upstream/Downstream) ५०० मि., वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो वाँध आदिबाट निकाल्न पाइने छैन ।

१०.सिलवन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०८३ असोज देखि २०८४ ज्येष्ठ मसान्त सम्म ८ (आठ ) महिनाको रहनेछ ।

११. ठेक्का कवोल रकम एकै किस्तामा एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्ने छ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा परफरमेन्स वण्ड तथा धितो जमानत बाट असुली गरिने छ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइने छैन । साथै एकमुष्ट सम्झौताको बखत रकम जम्मा गर्दा १०% छुट दिइनेछ साथै छुट भ्याट रकम मा लागु नहुने जानकारी गराईन्छ ।

१२. प्रदेश सरकार वा मेरिङदेन गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रहि मेरिङदेन गाउँपालिकाको कार्यालय, ताप्लेजुङको निर्णय अन्तिम र मान्य हुनेछ सो निर्णय मान्न ठेकेदारको कर्तव्य हुनेछ ।

१३. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१४. ठेक्का लिने ठेकेदारले दररेट सहितको साइनबोर्ड सम्बन्धित संकलन केन्द्रहरुमा राख्नुपर्नेछ ।

१५. ठेक्का कबोल गर्ने ठेकेदारले मेरिङदेन गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदी रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयाग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेक्केदारको कर्तव्य हुनेछ ।

१६. वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०७५ बमोजिम IEE सम्बन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।

१७. राजमार्ग वा सहायक राजमार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१८. ठेक्का समाप्त भई करचुक्ता पेशगरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१९. यस गाउँपालिकामा बक्यौता तिर्न बाँकि रहेको ब्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म शिलवन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

२०. एक स्थानीय तहमा उपयोग कर शुल्क बुझाइसकेको प्रमाण पेश गरेमा पुनः शुल्क लिन पाइने छैन ।

२१. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर,दस्तुर, शुल्क आदि ठेक्केदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न पाइनेछैन । विचैमा ठेक्केदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेक्केदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

विदुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

२२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२४. सिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.meringdenmun.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा मेरिङदेन गाउँपालिकाको कार्यालय, ताप्लेजुङ तथा फोन नं. ९८५२६६०१६४/ ९८५२६६०८२२ मा सम्पर्क राख्न सकिने छ ।

२५. उल्लेखित तोकिएका उत्खनन क्षेत्रभित्र बाहेक पालिकाकाको जुनसुकै क्षेत्रबाट खानीजन्य स्रोत वस्तुहरुको संकलन भई उपयोग भएको भएमा समेत कर दस्तुर लाग्नेछ ।

| क्र.स. | ठेक्काको विवरण | ठेक्का नं. | न्युनतम ठेक्का रकम(भ्याट सहित ) | दरभाउ पत्र खरिद शुल्क | धरौटी रकम |
|---|---|---|---|---|---|
| १. | अलैंचि, चिराईतो, जडिबुटी, वन पैदावार, गोलाया, कवाडी झोले पोके कर संकलन | MRM/AA/JBK/083/84-01 | रु. ५,००,०००।- | रू.१,०००/- (एक हजार रुपैया मात्र) | कबोल रकमको ५% |
| २. | मेवाखोला संक्रातेदेखी श्रीपञ्चमी क्षेत्रबाट ढुंगा, गिट्टी,रोडा,वालुवाको शुल्क संकलन गर्ने कार्य | MRM/AA/RBM/083/84-02 | रु.११,४५,४०७।- | रु.१,०००/- (एक हजार रुपैया मात्र) | कबोल रकमको ५% |
| ३. | मेवाखोला तमोर दोभानको धुले क्षेत्रबाट ढुंगा, गिट्टी,रोडा,वालुवाको शुल्क संकलन गर्ने कार्य | MRM/AA/RBM/083/84-03 | रु. ५,९८,१२४।- | रू.१,०००/- (एक हजार रुपैया मात्र) | कबोल रकमको ५% |
| ४. | दोभान, मैवाखोला क्षेत्रबाट ढुंगा, गिट्टी, रोडा, वालुवाको शुल्क संकलन गर्ने कार्य | MRM/AA/RBM/083/84-04 | रु. ७,०१,७९८।- | रु.१,०००/- (एक हजार रुपैया मात्र) | कबोल रकमको ५% |

२०८३/२/२४

प्रमुख प्रशासकीय अधिकृत

विदुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत